# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः ..............
च.नं.:................

मिति :- २०८२/१२/२४

**कार्यालय समय सम्बन्धी सूचना ।**

त्रि.वि. रजिष्ट्रारको कार्यायलय, सूचना तथा जनसम्पर्क महाशाखाको मिति २०८२/१२/२३ गतेको निर्देशनात्मक सूचना तथा त्रि.वि. कार्यकारी परिषद्को मिति २०८२/१२/२३ गतेको बैठकको निर्णय बमोजिम यस क्याम्पसमा हप्तामा शनिबार र आइतबार दुई दिने सार्वजनिक बिदा दिने एवम् यस क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यालय समय मिति २०८२ चैत्र २४ गतेदेखि लागू हुने गरी तपसिल बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै त्रि.वि. सूचना तथा जनसम्पर्क महाशखाको मिति २०८२/१२/२३ गतेको सूचना यसै साथ प्रकाशित गरिएको छ ।

**तपसिल**

१. यस क्याम्पसमा हरेक आइतबार सञ्चालन हुँदै आएका बी.ए.एलएल.बी., एलएल.बी. तथा एलएल.एम. तहका कक्षाहरु सञ्चालन सम्बन्धी समायोजित कक्षा तालिका (Class Routine) तयार गरी यथासिघ्र कक्षाहरु सञ्चालन गरिनेछ ।

२. कार्यालय समयको हकमा कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म दैनिक ७ (सात) घण्टा हुने गरी विहान ९:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दैनिक ८ (आठ) घण्टा हुनेगरी विहान ९:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म रहनेछ ।

..................................
डा. श्यामबहादुर कार्की
क्याम्पस प्रमुख
**क्याम्पस प्रमुख**

त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

कीर्तिपुर काठमाडौं
नेपाल
फोन नं ४३३०३४६


मितिः २०८२।१२।२३

## अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको मिति २०८२।१२।२३ गतेको बैठकको निर्णयानुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कार्यालय, क्याम्पस, विभाग तथा अन्य निकायहरुमा हप्तामा शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने एवम् विश्विद्यालयमा हुने अध्ययन, अध्यापन, अनुसन्धान र प्रशासनिक कार्यमा संलग्न मानव संशाधनको कार्यालय समय तालिका मिति २०८२ चैत्र २४ गतेदेखि लागु हुने गरी देहाय बमोजिम निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैमा निर्देशानुसार जानकारी गराइन्छ ।

१) त्रि.वि अन्तर्गतका आंगिक क्याम्पस/कलेजहरु र विभागहरुमा कार्यरत शिक्षकहरुको समयतालिकाको हकमा सेमेस्टर र बार्षिक परीक्षा प्रणाली अन्तर्गतका कक्षाको विद्यमान तोकिएको क्रेडीट आवर र बार्षिक कक्षा भारको समयमा नघट्ने गरी सम्वन्धित क्याम्पस तथा विभागलाई समय तालिका बनाई कार्यान्वयन गर्न अधिकार प्रत्यायोजन गर्ने ।

२) त्रि.वि अन्तर्गतका आंगिक क्याम्पस/कलेजहरु र विभागहरुमा कार्यरत कर्मचारीहरुको कार्यालय समयको हकमा कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म दैनिक ७(सात) घण्टा र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दैनिक ८ (आठ) घण्टा नघटने गरी आवश्यकता अनुसार प्रात:कालिन, दिवाकालिन र सन्धयाकालिन समयमा सम्वन्धित क्याम्पस तथा विभागलाई कार्यालय समय निर्धारण गर्न अधिकार प्रत्यायोजन गर्ने ।

३) त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सबै अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको कार्यालय समयको हकमा कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म दैनिक ७ (सात) घण्टा र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दैनिक ८ (आठ) घण्टामा नघटने गरी आवश्यकता अनुसार प्रात:कालिन, दिवाकालिन र रात्रीकालिन समयको कार्यालय समय निर्धारण गर्ने अधिकार सम्वन्धित अस्पतालका कार्यकारी निर्देशक तथा निकाय प्रमुखलाई प्रत्यायोजन गर्ने ।

४) आंगिक क्याम्पस/कलेजहरु, विभागहरु र अस्पताल बाहेक अन्य कार्यालय तथा निकायहरुको हकमा कार्यालय समय विहान ९:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने तर कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्मको कार्यालय समय बिहान ९:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म कायम गर्ने ।

लिथापा
०८२।१२।२३

लिल्ली थापा क्षेत्री
प्रमुख